
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २९ गते मंगलबार ❑ 12 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशका प्रदेश प्रमुख गुरुङ पदमुक्त, भट्ट प्रदेश प्रमुखमा सिफारिस

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङ पदमुक्त हुनु भएको छ।

सोमबार बसेको पत्रिपरिषदको बैठकले कागेंसका गुरुङलाई पदमुक्त गर्ने निर्णय गरेको हो । उहाँले करिब ३१ महिना प्रदेश प्रमुखको कार्यभार सम्हाल्नु भयो । गुरुङ २०७८ साउन १२ गते गण्डकी प्रदेशको प्रदेश प्रमुखमा नियुक्त हुनु भएको थियो । एमालेकी सिता कुमारी पोडेल पदमुक्त भएसंगै



उहाँ गण्डकी प्रदेश प्रमुखको कार्यभार सम्हाल्नु भएको थियो। कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारको पालामा नियुक्त हुनु भएको गुरुङ खगराज अधिकारी र सुरेन्द्रराज पाण्डेको नेतृत्वको सरकारमा समेत उहाँ प्रदेश प्रमुख रहनु भएको हो । गण्डकी प्रदेशको प्रदेश प्रमुखमा एमालेका डिल्लीराज भट्टलाई मन्त्रिपरिषदको बैठकले सिफारिस गरेको छ । सुदुरपश्चिमका भट्ट एमालेका सल्लाहकार परिषदका सदस्य हुनु हुन्छ । पदमुक्त हुनु भएको गुरुङ हाल काठमाण्डौंमा हुनु हुन्छ भने उहाँलाई बिधाईसंगै केही दिनमा नयाँ प्रदेश प्रमुखलाई पोखरामा स्वागत गरिने तयारी गरिएको श्रोतले जनाएको छ । सरकारले पठाएको निर्णण राष्ट्रपति रामचन्द्र पौडेलबाट सदर भएसंगै उहाँबाट सपथ ग्रहण भए पश्चात प्रदेश प्रमुख कार्यभार सम्हाल्न आउनु हुने छ। गण्डकी प्रदेशमा कागेंसका बाबुराम कुवंर, माओबादीका अमिक शेरचन यस अघि प्रदेश प्रमुख हुनु भएको थियो । गण्डकी प्रदेश सरकार हाल अल्पमतमा परेको छ । नेकपा माओबादी केन्द्रले कागेंस नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएसंगै पाण्डे नेतृत्वको सरकार अल्पमतमा परेको हो।

## दीर्घकालीन असर गर्ने निर्णय नगर्न एमालेको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

नेकपा (एमाले) गण्डकी प्रदेशसभा संसदीय दलले दीर्घकालीन असर गर्ने निर्णय नगर्न गण्डकी प्रदेश सरकारलाई आग्रह गरेको छ।

दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले आइतबार बसेको दलको बैठकले सो निर्णय गरेको जानकारी दिनुभयो । "सरकार अल्पमतमा परेर काम चलाउको अवस्थामा परिणत भइसकेकाले दीर्घकालीन असर पर्ने खालका कुनै पनि निर्णय नगर्न सचेत गराइएको छ", उहाँले भन्नुभयो । बैठकले परिवर्तित अवस्थामा दलका तर्फबाट आवश्यक संवाद र समन्वयका लागि दलका नेता खगराज अधिकारीलाई जिम्मा दिने निर्णय गरेको छ । गण्डकी प्रदेशमा नयाँ सरकार निर्माणका प्रक्रियामा सहज र स्वभाविक राजनीतिक निकासका लागि वातावरण तयार गर्न सम्बद्ध सबै पक्षलाई आह्वान गर्ने निर्णय बैठकले गरेको प्रमुख सचेतक नेपालीले बताउनुभयो । नेकपा (माओवादी केन्द्र)ले समर्थन फिर्ता लिएसँगै नेपाली कांग्रेस नेतृत्वको गण्डकी प्रदेश सरकार अल्पमतमा परेको छ।

## गण्डकीमा राजनीतिक निकास दिन माओवादीको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेशसभा संसदीय दलले गण्डकीप्रदेशको सत्ता-राजनीतिमा देखिएको अन्योलता हटाएर सहज राजनीतिक निकास दिन दलहरुलाई आग्रह गरेको छ।

दलको आजको बैठकले परिवर्तित सन्दर्भमा नयाँ सरकार निर्माण प्रकृयामा सहज र स्वभाविक राजनीतिक निकासका लागि सहयोग गर्न दलहरुलाई आह्वान गर्ने निर्णय गरेको प्रमुख सचेतक कुसुम बुढा पुनले जानकारी दिनुभयो।

"बैठकले गण्डकी प्रदेश सरकार कामचलाउको अवस्थामा परिणत भइसकेकाले दीर्घकालीन असर पर्ने निर्णय नगर्न र कामकारवाही अगाडि नबढाउन सरकारलाई सचेत गराउने निर्णय गरेको छ", उहाँले भन्नुभयो । सो बैठकले माओवादी केन्द्रका तर्फबाट अन्य राजनीतिक दल र पक्षसँग आवश्यक संवाद तथा समन्वयका लागि दलका नेता हरिबहादुर चुमानलाई जिम्मा दिने निर्णय गरेको छ । माओवादी केन्द्रले यही फागुन २३ गते समर्थन फिर्ता लिएसँगै कांग्रेस नेतृत्वको गण्डकी प्रदेश सरकार अल्पमतमा परेको छ। त्यसअघि फागुन २२ गते मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले माओवादी केन्द्रका दुई मन्त्रीलाई पदमुक्त गर्नुभएको थियो। केन्द्रमा सत्ता समीकरण फेरिएसँगै गण्डकी प्रदेश सरकारमा पनि त्यसको असर देखिएको हो।

नयाँ बनेको गठबन्धनअनुसार गण्डकी प्रदेशमा सरकार बन्न नसक्ने अवस्था छ। प्रदेशसभामा दुई सदस्य रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी नयाँ गठबन्धनका लागि निर्णायक हुने देखिएको छ। तर, राप्रपाले गठबन्धनलाई समर्थन गर्ने/नगर्नेबारे कुनै निर्णय गरेको छैन । अहिलेकै स्थितिमा कांग्रेसले पनि सरकार गठन गर्न सक्ने स्थिति छैन । राप्रपालाई साथमा लिँदा पनि कांग्रेसको बहुमत पुग्दैन। कूल ६० सदस्यीय गण्डकी प्रदेशसभामा कांग्रेसका २७, नेकपा (एमाले)का २२, माओवादी केन्द्रका सात (सभामुखबाहेक), राप्रपाका दुई र एकीकृत समाजवादीका एक प्रदेशसभा सदस्य हुनुहुन्छ । सरकार गठनका लागि ३१ बहुमत सदस्यको समर्थन चाहिन्छ।

## सरकार र मिटरब्याजीपीडितबीच चारबुँदे सहमति

**रासस**
काठमाडौं, २८ फागुन

सरकार र मिटरब्याज तथा ठगीविरुद्ध किसान-मजदुर सङ्घर्ष समितिबीच सोमबारचार बुँदे सहमति भएको छ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको पहलमा गृह मन्त्रालयमा सोमबार भएको वार्ता सहमतिमा टुङ्गिएको छ भने सहमतिसँगै पीडितले आन्दोलन फिर्ता लिएका छन्।

गृह मन्त्रालयमा हिजो र आज भएको वार्ता सहमतिमा टुङ्गिएसँगै समितिले आह्वान गरेको आन्दोलन पनि स्थगित गर्ने सहमति भएको गृहमन्त्री लामिछानेको सचिवालयले जानकारी दिएको छ। पीडितको समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने भएकाले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम तीन महिनाभित्र प्रतिवेदन पेस गर्ने गरी अनुचित लेनदेन (मिटरब्याज) विरुद्ध जाँचबुझ आयोग गठन गर्ने गरी सहमति भएको छ। सहमतिपत्रमा आयोगको कार्यादेशअनुसार जाँचबुझ गरी सरकारसमक्ष प्रस्ताव पेस गर्ने, आर्थिक समस्याका कारण मिटरब्याजी साहु, महाजनका चङ्गुलमा पर्न नदिन शोषित उत्पीडित वर्गलाई आर्थिक सहायता, राहत र क्षतिपूर्तिका लागि आगामी बजेटमा आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने र मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर सङ्घर्ष समितिका तर्फबाट हाल चलिरहेको आन्दोलनका कार्यक्रम स्थगित गर्ने उल्लेख छ।

झापाको काँकडभिट्टा र कञ्चनपुरको महेन्द्रनगरबाट २३ दिन हिँडेर यही फागुन ९ गते काठमाडौँ आइपुगेका मिटरब्याजपीडितले आन्दोलन र वार्ता सँगसँगै अघि बढाइरहेका थिए। आन्दोलनस्थगितसहितको सहमति गरेर अहिले आन्दोलनमा रहेकाहरूलाई सहमतिबारे जानकारी गराउने काम भइरहेको सङ्घर्ष समितिका प्रवक्ता निर्ग नवीनले जानकारी दिनुभयो।

## मोटरसाइकलको स्वरुप परिवर्तन गर्ने कारबाहीमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

पोखरामा गत साउनयता मोटरसाइकलको स्वरुप परिवर्तन (मोडिफाइ) गरेर चलाउने सात सय ५० जना चालक कारबाहीमा परेका छन्।

आइतबार मात्र स्वरुप परिवर्तन गरिएका १२ वटा मोटरसाइकलाई नियन्त्रणमा लिइएको ट्राफिक प्रहरी कार्यालय कास्कीले जनाएको छ । पछिल्लो समय त्यस्ता मोटरसाइकल चालकविरुद्ध प्रहरीले धमाधम कारबाही गर्न थालेको हो। कार्यालय प्रमुख प्रहरी निरीक्षक भानु शर्माका अनुसार स्वरुप परिवर्तन गरिदिने वर्कसप सञ्चालकलाईसमेत कारबाही गर्न सुरु गरिएको छ । "पोखराका विभिन्न ठाउँबाट पक्राउ परेका आठ जना वर्कसप सञ्चालकलाई सम्झाइबुझाइ गरी आगामी दिनमा मोटरसाइकलको स्वरुप परिवर्तन नगरिदिने प्रतिबद्धता गराएर छाडिएको छ", उहाँले भन्नुभयो, "मोटरसाइकल वर्कसप पनि हाम्रो निगरानीमा छन्।"

स्वरुप परिवर्तन गरिएका मोटरसाइकलले ध्वनि प्रदूषण र दुर्घटनाको जोखिम बढाएकाले प्रचलित कानुनअनुसार कारबाही गरिएको प्रहरी निरीक्षक शर्माले बताउनुभयो । "स्वरुप परिवर्तन गरेर चलाउने दुईपाङ्ग्रे सवारीविरुद्ध कारबाहीको अभियान नै चलाइएको छ", उहाँले भन्नुभयो, "कतिपयलाई ट्राफिक नियमअनुसार जरिवाना गर्छौं, कोहीलाई थप कारबाहीका लागि यातायात व्यवस्था कार्यालय पठाउने गरिएको छ ।" पहिलोपटक नियन्त्रणमा लिइएकालाई मोटरसाइकललाई आफ्नै स्वरुपमा फर्काउन लगाइ जरिवाना तिराएर छाड्ने गरिएको छ । पटक-पटक पक्राउ पर्नेलाई भने सवारी तथा यातायात व्यवस्था ऐनअनुसार कारबाहीका लागि यातायात व्यवस्था कार्यालय पठाउने गरिएको प्रहरीले जनाएको छ । स्वरुप परिर्वतन गरिएको दुईपाङ्ग्रे सवारीको कारबाहीबाट चालु आवमा रु सात लाख ५० हजारभन्दा बढी जरिवाना रकम उठेको प्रहरी निरीक्षक शर्माले जानकारी दिनुभयो । मोटरसाइकलनमा अनावश्यक रङ्गरोगन गर्ने, लुकिङ्ग्लास, सक, ह्याण्डल, इञ्जिनलगायत परिवर्तन गर्ने, चर्को ध्वनि निकाल्ने पाटपुर्जा जडान गर्ने चालकलाई नियन्त्रणमा लिने गरिएको उहाँको भनाइ छ । पोखरामा ट्राफिक नियमलाई चुनौती दिँदै स्वरुप परिवर्तन गरेर मोटरसाइकल चलाउने बढेपछि त्यसविरुद्ध प्रहरीले सक्रियता बढाएको हो।

## खोजीको माग गर्दै रुसी सेनामा भर्ना भएकाको परिवार

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ फागुन

भ्रमण (भिजिट) भिसामा गएर रुसी सेनामा भर्ना भएका तनहुँका आठ जना सम्पर्कविहीन भएका छन् । व्यास नगरपालिकाका तीन, देवघाट गाउँपालिकाका एक, भानु नगरपालिकाका दुई, शुक्लागण्डकी नगरपालिकाका एक र म्याग्दे गाउँपालिकाका एक गरी आठ युवा सम्पर्कविहीन भएका हुन्।

भिजिट भिसामार्फत रुसी सेनामा गएका तनहुँका आठ युवा सम्पर्कविहीन भएपछि खोजी दिन पीडितका परिवारले माग गरेका छन् । खोजीका लागि परिवारले निवेदन दिएका छन्। सुरक्षित आप्रवासन कार्यक्रम (सामी) तनहुँकी कार्यक्रम संयोजक लुना रानाले रुसी सेनामा भर्ना हुन गएका सात र युक्रेनमा भर्ना हुन गएका एक गरी आठ युवा सम्पर्कविहीन भएपछि खोजीका लागि परिवारजनले निवेदन दिएको जानकारी दिनुभयो। उ

हाँले भन्नुभयो, "व्यास, देवघाट, भानु, शुक्लागण्डकीका सात जना रुसी सेनामा भर्ना हुन जाँदा बेपत्ता भएको र म्यादेका एक जना युक्रेनी सेनामा भर्ना हुन जाँदा सम्पर्कविहीन भएको भन्दै खोजी दिन उहाँहरुको परिवारजनले निवेदन दिनुभएको छ। उहाँहरुको खोजीका लागि प्रयास गर्ने हो ।" परिवारसँग नै सम्पर्कविहीन भएका व्यक्तिका परिवारजनले खोजी तथा उद्धारको मागसहित यहाँ निवेदन दिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "रुसमा दूतावास भएको भए सहजरुपमा खोजी तथा उद्धारका लागि कागजात पठाउने थियौँ।

तर, प्रत्यक्ष काम गर्न नपाउँदा सहज चाहिँ छैन। दूतावास नभएकाले खोजीका लागि कन्सुलर विभागलाई पठाएका छौँ । खोजतलासीमै छौँ प्रक्रियामा नै रहेका छौँ भन्ने जवाफ आउने गरेको छ।" गैरकानुनी रुपमा गएकाले पूर्णरुपमा काम गर्न सहज नभएको उहाँले बताउनुभयो। आप्रवास स्रोत केन्द्रकी परामर्शदातागोमातिवारीलेसम्पर्कविहीन भएका व्यक्तिलाई छिटोभन्दा छिटो नेपाल झिकाइ पाउँ भनेर निवेदन दिएको बताउनुभयो । सम्पर्कविहीन भएका व्यक्तिको खोजीका लागि कन्सुलर विभागमा व्यक्तिको कागजातसहितका सम्पूर्ण कागजात पठाइसकिएको तिवारीले बताउनुभयो । रुसमा बेपत्ता भएका व्यक्तिको खोजीका निम्ति पहल भइरहेको उहाँले सुनाउनुभयो।

युक्रेनमा सम्पर्कविहीन भएका व्यक्तिको त्यहीँ दूतावास नभएकाले रुसी कन्सुलर विभागमार्फत नै खोजी कार्य भइरहेको आप्रवासी स्रोतकेन्द्रले जनाएको छ । दुई/तीन महनियतादेखि परिवारसँग नै उनीहरु सम्पर्कमा नभएकाले खोजीको पहल भइरहेको सामीले जनाएको छ। भिजिट भिसामा अवैधानिक बाटोमार्फत् गएका व्यक्ति परिवारसँग नै सम्पर्कविहीन भएपछि खोजीका निम्ति निवेदन दिएका हुन्। अवैधानिक बाटो हुँदै रुसी सेनामा भर्ना हुन गएका व्यक्ति त्यहीँ भर्ना भए पनि त्यहाँबाट फर्केर आउन सहज भने नभएको बताइएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# धम्पुस उत्सव, विविध खेलकुद तथा सांस्कृति कार्यक्रम बुधबारदेखि हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

कास्कीको पर्यटकीय गाँउ धम्पुसमा आउँदो बुधबारदेखि संचालन हुने धम्पुस उत्सव २०८०, विविध खेलकुद तथा सांस्कृति कार्यक्रमको तयारी पूरा भएको छ।

स्थानिय मिलन युवा क्लवको आयोजनामा आउँदो चैत ३ गतेसम्म चल्ने उक्त उत्सवको अन्तिम तयारी पूरा भएको सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

सामाजिक, शैक्षिक र आर्थिक स्तरवृद्धिको लागि सचेतना जगाउन साथै कला संस्कार, संस्कृत्तिको जगेनां, खेलकुद बिकासमा अग्रणी गरी सभ्य समाज एवं युवा युवतीको सम्पूर्ण प्रकारको प्रतिभा उजागर गराउने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गर्न लागिएको क्लवका अध्यक्ष ललित पुनले बताउनु भयो। कार्यक्रममा बोल्दै कास्कीको माछापुच्छ्रे गाउँपालिका ७ का वडा अध्यक्ष बैकुण्ठ प्रसाद भण्डारीले कास्कीको पर्यटनको पुरानो गन्तव्य भएकोले खेल पर्यटनको प्रबर्द्धन गर्न वडाले सो कार्यक्रमको लागि २ लाख बजेट व्यबस्था गरेको जनाउनु भयो। मौसम खुल्दा माछापुच्छ्रे हिमाललाई माछाको पुच्छरको आकार तथा माछापुच्छ्रे हिमाल नजिकैबाट देखिन सकिने उहाँले दाबी गर्नु भयो। धम्पुसमा हाल लाली गुराँस फुलेर रातम्मे भएको अध्यक्ष भण्डारीले जनाउनु भयो। उक्त कार्यक्रम सम्पन्न गर्न करिब ८ लाख ९४ हजार खर्च लाग्ने क्लवका असोक थापाले बताउनु भयो। सो कार्यक्रमबाट करिब २६ हजार बचत गर्ने क्लवले लक्ष्य राखेको छ। विविध सांस्कृतिक कार्यक्रम अर्न्तगत राष्ट्रिय, स्थानिय कलाकार देखि सामुहिक नृत्य लगायतका कार्यक्रम हुने भएको छ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका ७ मा पर्ने लेककुनामा उक्त कार्यक्रम हुने भएको छ भने उक्त कार्यक्रमको मुख्य आकर्षणमा कास्की जिल्ला वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता रहेको क्लवका अध्यक्ष पुनले बताउनु भयो। प्रतियोगितामा करिब २५ टिमको सहभागिता हुने उहाँले जनाउनु भयो। प्रतियोगिताको विजेतालाई नगद एक लाख, उपविजेतालाई नगद ६० हजार साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको अध्यक्ष पुनले जनाउनु भयो।

उक्त कार्यक्रममा क्लव स्तरिय महिला भलिवल प्रतियोगिता समेत हुने भएको छ। प्रतियोगिताको विजेतालाई ४० हजार, उपविजेतालाई २५ हजार प्रदान गरिने भएको छ। भलिवलको पुरुष तर्फ शान्त्वना हुने सेमिफाइनलमा पराजित भएका दुई टिमलाई जनही १०/१० हजार प्रदान गरिने भएको छ। भलिवलको पुरुष तथा महिला तर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही ५ हजार, अन्य ५ विधामा जनही २ हजार ५ सयका दरले पुरस्कार प्रदान गरिने भएको छ। त्यस्तै उक्त उत्सवमा प्रौढ भलिवल प्रतियोगिता, पुरुष रस्साकसी प्रतियोगिता, पुरुष छेलो प्रतियोगिता हुने भएको खेल संयोजक बुद्ध सिंहले बताउनु भयो।

# पोखराको जानकारी दिन 'पोखरा घर' निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

पोखरामा आर्ट ग्यालरी, सार्वजनिक पुस्तकालय, घण्टाघर र एकीकृत पर्यटन सूचना केन्द्रसहितको 'पोखरा घर' निर्माण सुरु भएको छ।

पोखरा महानगरपालिकाले महानगरको सातौं स्थापना दिवस अवसर पारेर आइतबार पोखरा घरको शिलान्यास गरिएको हो। पोखरा-९ पृथ्वीचोकमा निर्माण हुने घरको महानगर प्रमुख धनराज आचार्यले शिलान्यास गर्नुभयो। पोखरा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य बन्ने विश्वास लिइएको छ। घर पाँच तलाको निर्माण हुने भएको छ। यसको लागत रु पाँच करोड एक लाख ४६ हजार पाँच सय ५१ रहेको महानगरका पूर्वाधार विकास महाशाखाका प्रमुख इन्जिनियर सुरेन्द्र पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार घरको निर्माण आगामी डेढ वर्षभित्रमा सम्पन्न गर्ने सम्झौता गरिएको छ।

भवनको भुइँतलामा पार्किङ, पहिलो तलामा कोसेली घर र सूचना केन्द्र, दोस्रो तलामा पुस्तकालय र मिटिङ हल, तेस्रो तलामा आर्ट ग्यालरी तथा सोभन्दा माथि घण्टा घर रहने इन्जिनियर पाण्डेले बताउनुभयो। कार्यक्रममा महानगर प्रमुख आचार्यले पोखरा घरले समग्र पोखराको विस्तृत जानकारी दिने केन्द्र बन्ने बताउनुभयो। उहाँका अनुसार पोखराका आउनेका लागि यो घर एउटा महत्वपूर्णस्थल बन्नेछ। "पोखरा घर परम्परागत वास्तुकला र पछिल्लो प्रविधिको प्रयोग गरेर काठको बार्दलीसमेतको मौलिक बन्ने छ। यसको सञ्चालनका लागि विगतमा महेन्द्रपुलमा भत्काइएको जीर्ण भवनमा रहेका संस्थासँगनै सहकार्य गर्नेछौं", महानगर प्रमुख आचार्यले भन्नुभयो। पोखराको महेन्द्रपुलमा यसअघि रहेको आर्ट ग्यालरी र सार्वजनिक पुस्तकालय रहेको भवन जीर्ण भएपछि महानगरले भत्काएको थियो। सो स्थानमा अहिले अन्तर्राष्ट्रिय झण्डा पार्क र सार्वजनिक शौचालय निर्माण गरिएको छ। महानगरका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापाले भवन निर्माणका लागि स्रोतको कमी हुन नदिइने प्रतिबद्धता जनाउनुभयो। उहाँले पोखराको विकासको समग्र विकासको खाका तयार भइरहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "महानगरका प्रमुखको नेतृत्वमा पोखरामा उल्लेख्य विकास निर्माणका काम भइरहेको र त्यसको रिजल्ट क्रमशः देख्न पाइन्छ। पोखरामा धेरै काम भएका छन् र समग्र विकासको खाका बनेको छ।" पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले लामो समयको प्रतीक्षापछि पोखरा घरको शिलान्यास गरिएको बताउँदै दीर्घकालीन विकासको सोचअनुरूप विकास निर्माणको काम अगाडि बढेको बताउनुभयो। यसैगरी महानगरपालिकाको सातौं स्थापना दिवसका अवसरमा आइतबार आयोजित रक्तदान कार्यक्रममा ५७ युनिट रगत सङ्कलन भएको छ। स्वास्थ्य महाशाखाको संयोजनमा सम्पन्न कार्यक्रममा ५७ जनाले रक्तदान गरेका कार्यक्रमका संयोजक एवं जनस्वास्थ्य निरीक्षक दीपेन्द्र सुनारले जानकारी दिनुभयो। कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी र नगर प्रहरीले रक्तदान गर्नुभयो।

# नेपाली भाषा शिक्षक परिषद्को चौधौँ साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

नेपाली भाषा शिक्षक परिषद्, कास्कीको चौधौँ साधारण सभा सोमवार पोखरामा सम्पन्न भएको छ।

'भाषा सभ्यताको संवाहक होझ' भन्ने मूल मन्त्रका साथ स्थापना भएर नेपाली भाषा शिक्षणसँग सम्बन्धित शिक्षककेन्द्रित र विद्यार्थीकेन्द्रित कार्यक्रमका साथै भाषिक अनुसन्धानमूलक कार्य गर्दै आएको परिषद्ले आफ्नो मुखपत्र 'भाषा आलोकन' को अङ्क ६ पनि सोही अवसरमा सार्वजनिक गरेको छ। कार्यक्रममा प्रमुख आमन्त्रित व्यक्ति वरिष्ठ समालोचक प्रा. डा. दयाराम श्रेष्ठले नेपाली भाषा शिक्षक परिषद्ले भाषा र भाषिक अनुसन्धानका क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गरे। विगतका दिनमा भन्दा आज गर्वका साथ नेपाली विषय शिक्षक हुँ भन्ने अवस्था आएको भन्दै श्रेष्ठले आफ्नो साधना त्यसैका लागि भएको धारणा भनाइ राखे। भाषा शिक्षक परिषद् जस्ता संस्थाले नेपाली भाषाको संरक्षण र उत्थानमा लडाइँ लड्नुपर्ने उनको विचार थियो। २०५३ मा 'नेपालको राष्ट्रिय झन्डा' कृतिका लागि मनद पुरस्कार विजेता श्रेष्ठले भाषासम्बन्धी कार्यक्रममा उपस्थित हुन पाउँदा आफूलाई नोबेल पुरस्कार पाएको भन्दा बढी खुसी लाग्ने बताए। प्रा.डा. श्रेष्ठले भाषा



बिग्रँदा देशले ठुलो क्षति बेहोर्ने भन्दै भाषाको सुधारका लागि हामी सबै लाग्नुपर्ने विचार व्यक्त गरे। उनले सांस्कृतिक राष्ट्रवादको विचारलाई आफूले अघि बढाएको जानकारी दिँदै सबैले आत्मसात गर्नुपर्ने धारणा राखे। संस्थाका सल्लाहकार सहप्राध्यापक डा. पुण्यप्रसाद शर्माले प्रमुख आमन्त्रित व्यक्तित्व प्रा.डा. दयाराम श्रेष्ठको परिचयसहितको मन्तव्य राखेका थिए। उक्त कार्यक्रममा भाषा आलोकनका समालोचक सुरज पौडेलले आलोकनको आद्योपान्त समालोचना गर्दै पुस्तकमा भाषा र साहित्यका विविध विधा समेटिएकाले विषयगत र शैलीगत विविधतासहितको पुस्तक धेरै दृष्टिले उत्कृष्ट बनेको धारणा राखे। पौडेलले भाषा आलोकनले भाषा अध्यापक र अध्येताको पेसागत विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा ञलेखनाथ पौड्यालका काव्यमा अद्वैत वेदान्त दर्शनझ शीर्षकमा विद्यावारिधि उपाधि हासिल गरेका संस्थाका पूर्व अध्यक्ष तथा सल्लाहकार उपप्राध्यापक डा. बोधराज ढकाललाई सम्मान गरिएको थियो भने नयाँ आजीवन सदस्यहरूलाई प्रमाणपत्र प्रदान र विभिन्न प्रतियोगितात्मक कार्यक्रमको पुरस्कार वितरणसमेत गरिएको थियो। उक्त कार्यक्रममा नेपाली भाषा शिक्षक परिषद्का सल्लाहकार प्रा.डा. रामनाथ ओझा, सल्लाहकार सहप्रा. डा यमनाथ तिमिल्सिना, संस्थापक अध्यक्ष तथा सल्लाहकार माधवशरण उपाध्याय, सम्मानित व्यक्तित्व तथा सल्लाहकार डा. बोधराज ढकाल, गणित शिक्षक मञ्च, कास्कीका अध्यक्ष डिल्लीराम अधिकारी, नेपाली भाषा शिक्षक परिषद्, पर्वतका अध्यक्ष सन्तोष पौडेललगायतले शुभकामना दिएका थिए।

संस्थाका अध्यक्ष डिल्लीराम अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका वरिष्ठ उपाध्यक्ष सूर्यप्रसाद लम्सालले स्वागत मन्तव्य गरेका थिए। कार्यक्रमको सञ्चालन महासचिव शिवहरि सुवेदीले गरेका परिषद्का सचिव नारायणप्रसाद पराजुलीले जानकारी दिए।

# राप्रपा वर्तमान सत्ता गठबन्धनमा सहभागी नहुने

**रासस**
काठमाडौं, २८ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) वर्तमान सत्ता गठबन्धनमा सहभागी नहुने भएको छ। राप्रपाको सोमबार सम्पन्न केन्द्रीय कार्यसम्पादन समितिको बैठकले सरकारको विपक्षमा मतदान गर्ने र विपक्षमा बस्ने निर्णय गरेको केन्द्रीय सदस्य सुन्दर पाण्डेले जानकारी दिनुभयो।

शनिबारदेखि केन्द्रीय कार्यालयमा बसेको राप्रपाको बैठक आज सम्पन्न भएको हो। बैठकले प्रदेश सरकारमा पनि तत्काल सहभागी नहुने तथा समर्थन गर्नुपर्ने परिस्थिति आए पार्टीले उपयुक्त समयमा सम्बन्धित प्रदेशको परामर्श लिएर अगाडि बढ्ने लिने निर्णय गरेको उहाँले बताउनुभयो। इलाम र बझाङमा आगामी वैशाख १५ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचनमा सहभागी हुने निर्णय गरेको छ। बैठकले उम्मेदवार छनोटका लागि सम्बन्धित प्रदेशका पार्टी अध्यक्षले सम्बन्धित जिल्लाका अध्यक्षसँग समन्वय गरी उम्मेदवार सिफारिस गर्न जिम्मेवारी दिने निर्णय गरेको राप्रपाले जनाएको छ।

# नि:शुल्क वृहत् स्वास्थ्य शिविरबाट १ सय ४४ जना लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं ७ धम्पुसमा सोमबार आयोजना भएको एक दिने निःशुल्क वृहत् स्वास्थ्य शिविरबाट १ सय ४४ जना लाभान्वित भएका छन्।

माछापुच्छ्रे गाउँपालिकाको आयोजनामा र चरक मेमोरियल अस्पतालको प्राविधिक सहयोगमा धम्पुसको सामुदायिक स्वास्थ्य इकाईमा सञ्चालन भएको उक्त शिविरबाट १ सय ४४ जना लाभान्वित भएको माछापुच्छ्रे गाउँपालिका ७ का अध्यक्ष बैकुण्ठ प्रसाद भण्डारीले बताए। स्वास्थ्य शिविरमा विशेषज्ञ डाक्टर र अत्याधुनिक उपकरण सहित सेवा उपलब्ध भएको अध्यक्ष भण्डारीले जनाए। शिविरमा जनरल फिजिसियन सेवा, स्त्रीरोग सम्बन्धी सेवा, बाल रोग सम्बन्धी सेवा, हाड तथा नशा रोग सम्बन्धी सेवा, भिडियो एक्स रे सेवा तथा ई.सी.जी. सेवा उपलब्ध भएको थियो। यसैबिच माछापुच्छ्रे गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले कार्यक्रमको उद्घाटन गर्दै स्वास्थ्य सेवा मौलिक हक भित्र रहेकोले स्वास्थ्य सेवा सबैको पहुचमा पुर्‍याउन आफुहरु समेत लागेको जनाइन्। कार्यक्रममा प्रमुख प्रसाशकिय अधिकृत गोपिकृष्ण अर्याल, वडा नं ५ का वडा अध्यक्ष नारायण पौडेल र ९ का वडा अध्यक्ष हरि बहादुर क्षेत्री लगायतको सहभागिता रहेको थियो।


## प्रजातन्त्रका आधारभूत पक्षहरू

- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानवअधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९११९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# कांग्रेस कोटाका प्रदेस प्रमुख हटाइए

कांग्रेस कोटामा प्रदेश प्रमुख बनेका  मधेस, गण्डकी र सुदूरपश्चिममा नयाँ प्रदेश प्रमुख पठाइने भएको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले पुराना प्रदेश प्रमुखलाई हटाउन सिफारिस गर्दै ती ठाउँमा नयाँ नाम पनि सिफारिस गरेको छ । नयाँ प्रदेश प्रमुखका रूपमा सिफारिस भएका तीनैजना नेकपा एमालेनिकट हुन् । मन्त्रिपरिषद्ले मधेस प्रदेश प्रमुखमा सुमित्रा भण्डारी (झापा), गण्डकी प्रमुखमा डिल्लीराज भट्ट (डोटी) र सुदूरपश्चिम प्रदेश प्रमुखमा नजिर मियाँ (अर्घाखाँची)को नाम राष्ट्रपति रामचन्द्र पौडेलकहाँ सिफारिस गरिएको सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जानकार दिइन् ।

उनले तीनैजनालाई बर्खास्त नभई पदमुक्त गरिएको स्पष्टीकरण दिइन् । शर्माले संघ र प्रदेश सरकारबीच समन्वय हुनुपर्नेमा पछिल्लो समय त्यस्तो नभएको टिप्पणी गरिन् । 'संघ र प्रदेश सरकारहरूबीचमा समन्वय जरुरी छ । तर अहिले कुनै प्रदेशमा विश्वासको मत फिर्ता लिने, कतै मन्त्रीहरूलाई बर्खास्त गर्ने गतिविधि भइरहेका छन्', उनले भनिन्,' संघ र प्रदेशबीच समन्वय आवश्यक भएकाले राजनीतिक रूपमा पनि काम गर्न सजिलो होस् भनेर यो निर्णय लिइएको हो ।' मधेसमा सिफारिस भएकी सुमित्रा भण्डारी एमाले अध्यक्ष केपी शर्मा ओलीकै गृहजिल्ला झापाकी हुन्। उनी एमालेनिकट अनेमसंघमा सक्रिय छिन् ।

यसअघि उनी ओलीका पालामा डेनमार्कका लागि नेपाली राजदूतमा सिफारिस भएकी थिइन् । तर उनले नियुक्ति पाइनन् । ओली नेतृत्वको सरकार तत्कालै बिदा भएपछि उनी राजदूत हुनबाट वञ्चित भएकी थिइन् । मिया र भट्ट नेकपा एमालेका केन्द्रीय सल्लाहकार छन् । मिया संविधानसभा सदस्य भइसकेका छन् भने भट्ट यसअघि राष्ट्रियसभाको निर्वाचनमा पनि उठेका थिए। मधेस, गण्डकी र सुदूरपश्चिममा सम्भावित सत्ता गठबन्धनलाई तत्कालीन कांग्रेस कोटाका प्रदेश प्रमुखहरूबाट असहयोग हुने बुझेसँगै उनीहरूलाई सरकारले बिदा गरिदिएको हो । कांग्रेस कोटामा प्रदेश प्रमुख बनेका  मधेस, गण्डकी र सुदूरपश्चिममा नयाँ प्रदेश प्रमुख पठाइने भएको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले पुराना प्रदेश प्रमुखलाई हटाउन सिफारिस गर्दै ती ठाउँमा नयाँ नाम पनि सिफारिस गरेको छ।

नयाँ प्रदेश प्रमुखका रूपमा सिफारिस भएका तीनैजना नेकपा एमालेनिकट छन । मन्त्रिपरिषद्ले मधेस प्रदेश प्रमुखमा सुमित्रा भण्डारी (झापा), गण्डकी प्रमुखमा डिल्लीराज भट्ट (डोटी) र सुदूरपश्चिम प्रदेश प्रमुखमा नजिर मियाँ (अर्घाखाँची)को नाम राष्ट्रपति रामचन्द्र पौडेलकहाँ सिफारिस गरिएको सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जानकारी दिएकी छन् । तीनैजनालाई बर्खास्त नभई पदमुक्त गरिएको स्पष्टीकरण दिइन्। संघ र प्रदेश सरकारबीच समन्वय हुनुपर्नेमा पछिल्लो समय त्यस्तो नभएको बुझाई सरकारको छ । 'संघ र प्रदेश सरकारहरूबीचमा समन्वय जरुरी छ। तर अहिले कुनै प्रदेशमा विश्वासको मत फिर्ता लिने, कतै मन्त्रीहरूलाई बर्खास्त गर्ने गतिविधि भइरहेका छन्', उनले भनिन्,' संघ र प्रदेशबीच समन्वय आवश्यक भएकाले राजनीतिक रूपमा पनि काम गर्न सजिलो होस् भनेर यो निर्णय लिइएको हो ।' मधेसमा सिफारिस भएकी सुमित्रा भण्डारी एमाले अध्यक्ष केपी शर्मा ओलीकै गृहजिल्ला झापाकी हुन् । उनी एमालेनिकट अनेमसंघमा सक्रिय छिन् ।

यसअघि उनी ओलीका पालामा डेनमार्कका लागि नेपाली राजदूतमा सिफारिस भएकी थिइन् । तर उनले नियुक्ति पाइनन्। ओली नेतृत्वको सरकार तत्कालै बिदा भएपछि उनी राजदूत हुनबाट वञ्चित भएकी थिइन् । मिया र भट्ट नेकपा एमालेका केन्द्रीय सल्लाहकार छन् । मिया संविधानसभा सदस्य भइसकेका छन् भने भट्ट यसअघि राष्ट्रियसभाको निर्वाचनमा पनि उठेका थिए। मधेस, गण्डकी र सुदूरपश्चिममा सम्भावित सत्ता गठबन्धनलाई तत्कालीन कांग्रेस कोटाका प्रदेश प्रमुखहरूबाट असहयोग हुने बुझेसँगै उनीहरूलाई सरकारले बिदा गरिदिएको छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वस्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ऐतिहासिक चैत्राष्टमी मेला हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ फागुन

बागलुङ्मा ऐतिहासिक चैत्राष्टमी मेला आगामी चैत ३० गतेदेखि आयोजना गरिने भएको छ । चैत दसैंका अवसर पारेर बागलुङ्मा चैते दसैं मेला आयोजना गर्न थालिएको छ।

कालिका भगवती गुठी व्यवस्थापन समितिले बागलुङ सदरमुकाममा आगामी चैत ३० देखि वैशाख ६ गतेसम्म कालिका मन्दिर परिसरमा मेलाको आयोजना गर्न लागेको हो । गण्डकी प्रदेशकै एक प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिरमा यसपक चैत्राष्टमी मेला आयोजना गरिएको कालिका गुठी ब्यवस्थापन समिति अध्यक्ष कुमार खड्काले बताउनुभयो । 'गन्तव्य बागलुङ कालिकाः कला र संस्कृतिको प्रवर्द्धन-स्थानीय उत्पादन, व्यापार र पर्यटन प्रवर्द्धन' भन्ने मूल नाराका साथ चैत्राष्टमी मेला आयोजना गर्न थालिएको हो । मेलाको अवसरमा कालिका कप खुला भलिबल प्रतियोगिता, विद्यालयस्तरीय नृत्य प्रतियोगिता, राष्ट्रियलोकदोहोरीगीतप्रतियोगिता, छेलो प्रतियोगिता, रथ यात्रा, रमाइलो मेला, बाल उद्यानलगायत कार्यक्रम समावेश गरिएको छ।

बागलुङको सदरमुकाम बागलुङ बजारमा तीन सय वर्षदेखि आयोजना हुँदै आएको यो मेला यो वर्ष जिल्लामा क्रियाशील सङ्घसंस्था, स्थानीय तह, बैङ्क तथा वित्तीय संस्था, उद्योग व्यवसायीलगायत सरोकारवालासँग सहकार्य गरेर मनाउन लागिएको हो।

# राप्रपा वर्तमान सत्ता गठबन्धनमा सहभागी नहुने

**रासस**
काठमाडौं, २८ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) वर्तमान सत्ता गठबन्धनमा सहभागी नहुने भएको छ।

राप्रपाको सोमबार सम्पन्न केन्द्रीय कार्यसम्पादन समितिको बैठकले सरकारको विपक्षमा मतदान गर्ने र विपक्षमा बस्ने निर्णय गरेको केन्द्रीय सदस्य सुन्दर पाण्डेले जानकारी दिनुभयो । शनिबारदेखि केन्द्रीय कार्यालयमा बसेको राप्रपाको बैठक सोमबार सम्पन्न भएको हो। बैठकले प्रदेश सरकारमा पनि तत्काल सहभागी नहुने तथा समर्थन गर्नुपर्ने परिस्थिति आए पार्टीले उपयुक्त समयमा सम्बन्धित प्रदेशको परामर्श लिएर अगाडि बढ्ने लिने निर्णय गरेको उहाँले बताउनुभयो।

इलाम र बझाङमा आगामी वैशाख १५ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचनमा सहभागी हुने निर्णय गरेको छ । बैठकले उम्मेदवार छनोटका लागि सम्बन्धित प्रदेशका पार्टी अध्यक्षले सम्बन्धित जिल्लाका अध्यक्षसँग समन्वय गरी उम्मेदवार सिफारिस गर्न जिम्मेवारी दिने निर्णय गरेको राप्रपाले जनाएको छ।

# चार सय १३ स्थानीय तहमा दादुरा-रुबेलाविरुद्धको खोप अभियान

**रासस**
काठमाडौं, २८ फागुन

सरकारले सञ्चालन गरेको दादुरा-रुबेलाविरुद्धको खोप अभियानअन्तर्गत मुलुकका चार सय १३ स्थानीय तहका सबै बालबालिकाले खोप लगाएका छन् । देशका २४ जिल्लाका ती स्थानीय तहमा सबै बालबालिकालाई खोप लगाइएको छ।

बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार ४३ जिल्लाका एक सय ८० स्थानीय तहमा खोप अभियान जारी छ। हालसम्म करिब ६६ प्रतिशत अर्थात् ३७ लाख ९२ हजार चार सय ६८ बालबालिकाले खोप लगाइसकेका छन् । शाखा प्रमुख डा गौतमले हिमाली भेगका आठ जिल्लाका एक सय २२ स्थानीय तहमा हिमपातका कारण खोप अभियान सञ्चालन हुन नसकेको बताउनुभयो । यही फागुन १३ गतेदेखि दादुरा-रुबेलाको सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी सरकारले पश्चिम रुकुम र जाजरकोट जिल्लाबाहेक ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको हो। ती जिल्लाका कूल ५७ लाख ४२ हजार नौ सय ९३ बालबालिकालाई खोप लगाउने लक्ष्य छ।

भारतसँग सीमा जोडिएका दादुरा-रुबेलाबाट अति सङ्क्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकामा नौ महिनादेखि १५ वर्षमुनिका तथा ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई खोप लगाइँदै छ । खोप अभियानका लागि देशभरि ४८ हजार सात सय ९८ खोप केन्द्रको व्यवस्था गरिएको शाखा प्रमुख डा गौतमले जानकारी दिनुभयो। खोप अभियानका लागि ४९ हजार नौ सय ३७ स्वास्थ्यकर्मी र ५९ हजार नौ सय ६ स्वयम्सेवक परिचालन गरिएको छ।

# सुक्खा पहिरोले अवरुद्ध करिडोर सञ्चालन

**रासस**
बागलुङ, २८ फागुन

सुक्खा पहिरोका कारण शनिबार दिउँसोदेखि अवरुद्ध कालीगण्डकी करिडोरको बागलुङ-गुल्मी खण्ड सञ्चालनमा आएको छ । करिडोर कालोपत्रको काम गरिरहेको कालिका कन्ट्रक्सनले पहिरो पन्छाएपछि आजदेखि सडक सञ्चालन भएको हो।

कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाका अनुसार बागलुङ र गुल्मी जिल्लाको सिमानामा पर्ने गुल्मीको कालीगण्डकी गाउँपालिका-६ बरलवाको भिरमा भीषण पहिरो खसेको थियो। सडक सञ्चालन भएसँगै लामो तथा छोटो दूरीका सवारी सञ्चालनमा आएका छन् । पहिरोले बागलुङ-गुल्मी खण्डअन्तर्गत मालढुङ्गा-अर्वेनी सडक पूर्णरुपमा अवरुद्ध थियो । यसअघि फागुन ११ गते राति खसेको सुक्खा पहिरोका कारण करिडोर एक साता बन्द भएको थियो । बागलुङको मालढुङ्गादेखि गुल्मीको अर्बेनीसम्म ५४ किलोमिटर खण्ड कालोपत्रका लागि स्तरोन्नतिको काम भइरहेको छ। शनिबारदेखि उक्त खण्डमा मालबाहक ट्रक अलपत्र परेका थिए । दुईतर्फी स्काभेटर प्रयोग गरेर चट्टान फोडेपछि सडक सञ्चालनमा आएको निर्माण कम्पनी कालिका कन्स्ट्रक्सनका इञ्जिनीयर छकबहादुर गुरुङले बताउनुभयो।

# पर्यटकीय गन्तव्य बन्दै नरसिंहकोट

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ फागुन

बाइसेचौबिसे राज्य हुँदा भुरे राजाले राज्य सञ्चालन गरेको निसीखोला गाउँपालिका-७ राजकुटस्थित नरसिंहकोटलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने गरी पूर्वाधार निर्माण सुरु गरिएको छ। गण्डकी प्रदेश सरकार र गाउँपालिकाले पूर्वाधार निर्माणमा लगानी गर्दै आएका छन्।

पूर्वाधार निर्माण सुरु र प्रचारप्रसार बढेपछि पछिल्लो समय यहाँ आन्तरिक पर्यटकसमेत बढ्दै गएका छन्। नरसिंहकोटमा भौतिक पूर्वाधार निर्माणलाई पनि थप व्यवस्थित र पर्यटनमैत्री बनाउने गरी काम सुरु भएको वडा नं ७ का अध्यक्ष दीपक कुँवर (दिपु) ले बताउनुभयो। बागलुङको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङ बजारको नजिक रहेको यहाँ पछिल्लो समय आन्तरिक पर्यटक बढ्न थालेका छन् । बुर्तिबाङबाट बसमा एक घण्टा यात्रा गरेपछि नरसिंहकोट पुग्न सकिन्छ। यद्यपि सवारीका लागि सालझण्डी-ढोरपाटन सडकको विकल्प नभएकाले लामो बाटो तय गर्नुपर्ने अवस्था छ। बुर्तिबाङबाट अधिकांश पर्यटक पैदल नै त्यहाँ पुग्ने गरेका छन् । नरसिंहकोटबाट १५ देखि २० मिनेटको पैदल दूरीमा रहेको टापुमा पनि पर्यटकको आकर्षण बढेको छ। यस क्षेत्रको प्रवर्द्धनका लागि गाउँपालिका र प्रदेश सरकारले निरन्तर लगानी गर्दै आएको वडाध्यक्ष कुँवरको भनाइ छ । उहाँले अघिल्लो जनप्रतिनिधिको पहलमा पर्यटनपार्क, पाटी, पौवा, मन्दिर व्यवस्थापन, पदमार्ग, घेराबार, झाडी व्यवस्थापन, पुराना संरचनाको पुनःनिर्माणलगायत काम भएको भन्दै अहिले पनि ती कामलाई पूर्णता दिन थालेको कुँवरको भनाइ छ। चालु आर्थिक वर्षमा गण्डकी प्रदेशले विनियोजन गरेको रु १० लाख र निसीखोला गाउँपालिकाले विनियोजन गरेको रु सात लाखले भौतिक संरचना थप्दै गएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँपालिकाले हरेक वर्ष बजेट विनियोजन गरेर काम गर्दै आएको छ भने प्रदेश सरकारले पनि लगानी गरेको छ, यस वर्ष गाउँपालिकाले विनियोजन गरेको रकमबाट कालिका मन्दिर निर्माण र गण्डकी प्रदेशले छुट्याएको बजेटले पर्खालसहितको घेराबार लगाउन थालेका छौं, खानेपानीको व्यवस्थापन गर्नुपर्ने छ भने अन्य धेरै पूर्वाधार निर्माण भइसकेका छन् ।" नरसिंहकोटमा दैनिक एक सयभन्दा बढी पर्यटक पुग्ने गरेका छन्। अझ बिदाका दिन पर्यटकको सङ्ख्या बढ्ने गरेको छ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले पर्यटन विकासमार्फत गाउँपालिकालाई समृद्ध बनाउनसक्ने भन्दै सोहीअनुसार बर्सेनि लगानी भइरहेको बताउनुभयो। नरसिंहकोट ऐतिहासिक ठाउँ र यसको धार्मिक महत्व रहेको हुँदा गाउँपालिकाले मुख्य प्राथमिकतामा राखेर काम गरेको उहाँको भनाइ छ। पर्यटकलाई पैदल यात्रा गर्नका लागि थप सहज होस् भन्ने उद्देश्यले रेलिङसहितको पदमार्ग निर्माण सकिएको उहाँले बताउनुभयो । "नरसिंहकोटसहित पालिकाका अन्य ठाउँमा पनि हामीले लगानी गर्दै आएका छौं, यहाँ पूर्वाधार निर्माण गरी प्रचारप्रसारलाई तीव्र बनाएपछि अहिले पर्यटकको आगमन पनि राम्रो छ", अध्यक्ष घर्तीमगरले भन्नुभयो, "सानो लगानी गाउँपालिकाबाट र ठूलो लगानी प्रदेश सरकारको सहयोगमा भइरहेको छ।"नरसिंहकोटमा अहिले पनि मन्दिर छ। जहाँ हरेक वर्षको नवदुर्गाको दिन धुमधामका साथ पूजाआजा गरिन्छ भने पशुपक्षीको बलि पनि चढाइने गरिन्छ । मन्दिरमा वैशाखे पूर्णिमा, मङ्सिरे पूर्णिमालगायत चतुर्दशी पूर्णिमामा सोत पूजाआजा हुने गर्दछ। यहाँ पूजाआजा गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । बागलुङ, प्यूठान, गुल्मीलगायत विभिन्न स्थानबाट मानिस पूजाआजा गर्न पुग्ने गर्दछन् । यहाँबाट बुर्तिबाङ बजार स्पष्टरुपमा अवलोकन गर्न सकिन्छ भने बागलुङको विभिन्न स्थान, म्याग्दी, प्यूठान, गुल्मी, रोल्पा, रुकुम, पाल्पा, अर्घाखाँचीलगायत जिल्ला देख्न सकिन्छ । साथै धौलागिरि हिमाललगायत दर्जनौं हिमशृङ्खला र उच्च मनोरम पहाडी भेगको अवलोकन गर्न सकिन्छ।

# पार्टीमा दिएको योगादनस्वरुप अध्यक्षको उम्मेदवार बनेको हुँ : सांसद दाहाल

**रासस**
काठमाडौं, २८ फागुन

सत्ता गठबन्धनका तर्फबाट राष्ट्रियसभाको अध्यक्ष पदका उम्मेदवार नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद नारायण दाहालले पार्टीमा आफूले दिएको योगदान र जिम्मेवारीका आधारमा उम्मेदवारी दिएको बताउनुभएको छ।

अध्यक्ष पदमा उम्मेदवारी दर्ता गरेपछि सञ्चारकर्मीको जिज्ञासामा उहाँले भन्नुभयो, "सामान्यतः प्रदेशको सह-इञ्चार्जको जिम्मेवारीमा जाँदासमेत पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को परिवारसँग जोडेर हेर्ने गरिन्थ्यो, यो आरोप पहिलो पटक होइन ।" आफू विसं २०३६ देखि राजनीतिक गतिविधिमा लागेकामा त्यो योगदानबारे थाहै नपाएका पक्षले आफूमाथि आरोप लगाएको जनाउँदै उहाँले भूमिका नै नबुझी यसरी बारम्बार प्रश्न गर्दा कति न्याय होला भनी प्रश्न गर्नुभयो। "त्यसबेला यदि दाजुभाइको नाता लगाउनेले युद्धमा हिँड्दा दाइ हिँडेको छ, परिवारका सबै किन हिँड्नु पर्‍यो भनी किन प्रश्न नगरेको ?", उम्मेदवार दाहालले प्रश्न गर्नुभयो । त्यसबेला युद्धमा नलाग्दा आफ्नो परिवार बचाउन लाग्यो भन्ने नेतृत्वलाई लाञ्छना लाग्ने गरेको उहाँले सुनाउनुभयो । "मैले आफ्नो योगदानअनुसारको जिम्मेवारी पाउन लागेको छु, सिङ्गो पार्टी पङ्क्तिले एकमतका साथ मलाई उम्मेदवार बनाउने निर्णय गरेको छ, यसलाई अन्यथा लिन मिल्दैन", दाहालले भन्नुभयो।


# बेगनास अक्वा पार्कको साहसिक तथा मनोरञ्जनात्मक खेल निर्माण तथा संचालनको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/११/२९)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.३१ मा बेगनाश अक्वा पार्क प्रा.लि.द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावको नाम तथा ठेगाना** | **बेगनाश अक्वा पार्क प्रा.लि., पोखरा महानगरपालिका, वडा नं. ३१** |
| **प्रस्तावको व्यहोरा** | **बेगनास अक्वा पार्कको साहसिक तथा मनोरञ्जनात्मक खेल (स्काई साइकिलिङ्ग, स्विङ्ग र अक्वा पार्क) निर्माण तथा संचालन गर्ने** |
| **प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका** | **पोखरा महानगरपालिका, वडा नं.३१** |
| **कित्ता नं.** | ११६५, १६८, १६९, १७०, १७१ |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

**१. श्री पोखरा महानगरपालिका, ३१ नं. वडा कार्यालय, फोन नं. ९८५६००३०३१**
**२. श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं, फोन नं. ०१-५३४७०३७**
**३. श्री बेगनाश अक्वा पार्क प्रा. लि., पोखरा महानगरपालिका, वडा नं. ३१ फोन नं. ९८१३४१३४९४**
**४. श्री दाइ इची इन्भेष्टमेन्ट एण्ड इन्भारोमेन्टल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि, जोरपाटी, काठमाडौं फोन नं. ९८४६४०४११८**

# टोड्केमा ढकमक्क लालीगुराँस फुलेपछि ...

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ फागुन

प्रकृतिसँग रमाउनेको लागि गुराँस फुलेर रङ्गीएको म्याग्दीको टोड्के क्षेत्रको जङ्गल आकर्षक गन्तव्य बनेको छ ।

रघुगङ्गा, मङ्गला गाउँपालिका र बेनी नगरपालिकाको अवस्थित टोड्केको उचाइ समुद्री सतहदेखि दुई हजार तीन सय मिटर हो । टोड्केका अनिल बुढाथोकीले गुराँस फुल्न थालेपछि म्याग्दीका साथै छिमेकी जिल्ला र देशका विभिन्न ठाउँबाट पर्यटक आउन थालेका बताउनुभयो । "पाखामा ढकमक्क गुराँस फुलेर रङ्ग गिएपछि बिदा मनाउन टोड्के आउनेको लर्को लागेको छ", उहाँले भन्नुभयो, "टोड्केको दायाँ र बाँया रहेको जङ्गलमा ढकमक्क लालीगुराँस फुलेपछि मनमोहक बनेको छ ।"

मङ्गला–२ सहश्रधारादेखि नवविवाहित श्रीमतीलाई लिएर आइतबार टोड्के आएका आरुस किसानले स्वच्छ हावापानी र शान्त वातावरणले तन/मन चङ्गा बनाएको अनुभव सुनाउनुभयो । "गुराँस, चराको चिरविर आवाज र हिमालको दृष्यले लठ्ठै बनायो", उहाँले भन्नुभयो "हिमाल हेर्दै गुराँससँग रमाउँदा दिन बितेको पत्तै भएन ।"

गुराँसले ढाकेको वनमा चराको आवाज सुनेर डुल्दा रमाइलो महसुस र तनावमुक्त भएको भने मङ्गला गाउँपालिका–१ पूर्णगाउँका ७० वर्षीय दुर्गादत्त आचार्यले बताउनुभयो । आचार्यले आइतबार टोड्केमा पुगेर गुराँसका बोटमा रमाउने र फोटो खिचाएर फर्कनुभयो । टोड्केमा गाडा रातो र रातो रङको गुराँस पाइन्छ । गुराँसको फूलबाट जुस बनाउनका लागि अध्ययन गर्न काठमाडौँबाट केही दिनमा प्राविधिक टोली टोड्के आउन लागेको होटल व्यवसायी भीम शेरचनले बताउनुभयो । गुर्जा, चुरेन, मानापाथी, धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र लमजुङ हिमालको लामो लर्कनलाई एकै ठाउँबाट अवलोकन गर्न पाउनु टोड्केको प्रमुख विशेषता हो ।

हिमालसँग आँखा जुधाएर योग र ध्यानमा रमाउन सकिन्छ । यहाँ उत्पादन भएको मुला, आलु र सिमिका परिकारको स्वाद लिन सकिन्छ । स्वर्गद्वारी महाप्रभुलगायत धेरै सन्तले तपस्या गरेका टोड्केको धार्मिक महत्व पनि छ । डाँडाको थाप्लोमा स्वर्गद्वारी आश्रमको शाखा 'तपोवन शिवालय' र सिद्धथान पनि छ । शिवालय स्वर्गद्वारी आश्रम, प्युठानको शाखा हो । स्वर्गद्वारी, शिष्य पुजारी महाराज र खवाल महाराजलगायतका सन्तको मूर्ति राखिएका मन्दिरभित्र रहेका शिवलिङ्ग र महाप्रभुले प्रयोग गरेका खराउ ऐतिहासिक सम्पदा हुन् । आश्रम परिसरमा गौशाला पनि रहेको छ ।

टोड्के नजिकैको सिद्ध सामुदायिक वनमा उद्यान निर्माण गरिएको छ । सो ठाउँमा यस वर्ष गुराँस पार्क बनाउन रु पाँच लाख बजेट विनियोजन भएको डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख विष्णुप्रसाद अधिकारीले बताउनुभयो । टोड्केमा खान र बस्नको लागि सुविधायुक्त होटलको सुविधा छ ।

टोड्के घुमेर फर्कदा याममा मुला, बेसिजनमा अचार र धजरा कोसेली लैजान पाइन्छ । बेनीबाट गाडीमा टोड्के पुग्ने पाँच वटा सडक छन् । बेनी–अर्थुङ्गे–भिँ हुदै टोड्के (१९ किलोमिटर), बेनी–अर्थुङ्गे–पाल्लेखेत–वाखेत गाउँ हुँदै टोड्के (१५ किलोमिटर) र बेनी–अर्थुङ्गे–पुलाचौर–डडुवा–पूर्णगाउँ हुँदै टोड्के (१४ किलोमिटर) दूरीको सडक प्रयोग गर्न सकिन्छ ।

उनान्तीस किलोमिटर दूरीको बेनी–सिम–कुहुँ–पूर्णगाउँ हुदै टोड्के जोड्ने सडकबाट आवतजावत गर्ने क्रममा प्राकृतिक उपचारस्थल सिंगा तातोपानीमा स्नान गर्न र रमाउन सकिन्छ । उन्नाइस किलोमिटर दूरीको बेनी–गलेश्वर–पाल्लेखेत–वाखेत–टोड्केसडकमाधार्मिकस्थल गलेश्वर धामको दर्शन गर्न सकिन्छ । पैदलयात्रा गर्न चाहनेका लागि बेनीदेखि अर्थुङ्गे–पछै–ढोलथान–केभहिल–जगन्नाथ–ढडेकोट दरबार–टोड्के पुगिने पुरानो घोरेटो बाटो पनि छ । टोड्केको पूर्वोत्तर दिशामा भिँ, पूर्वमा वाखेत, दक्षिण पश्चिममा पूर्णगाउँ र पश्चिममा कुहुँगाउँ छन् । धौलागिरि हिमालको सम्मुखमा मगर बाहुल्य बसोबास रहेको भिँ गाउँबाट टोड्के पुग्ने व्यवस्थित पदमार्ग पनि छ । भिँ र पूर्णगाउँबाट एक घन्टा उकालो हिँडेपछि टोड्के पुगिन्छ । यी गाउँमा होमस्टे (घरबास)को सुविधा छ ।

# लिटिल स्टेप मा.वि.मा विदाइ कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

लिटिल स्टेप माध्यमिक विद्यालय, सिमलचौरमा कक्षा ९ का विद्यार्थीहरुको तर्फबाट हाल एसइई परीक्षा २०८० को तयारीमा जुटिरहेका विद्यार्थीहरुलाई विदाइ कार्यक्रमको आयोजना गरियो ।

कक्षा ९ का विद्यार्थी उज्ज्वल आचार्यको सभापतित्वमा सञ्चालित उक्त विदाइ कार्यक्रममा पोखरा लिङ्कन इन्टरनेशनल कलेज एवम् लिटिल स्टेप मा.वि.का संस्थापक तथा व्यवस्थापन समिति पूर्व अध्यक्ष श्रद्धेय शेरबहादुर गुरुङ एवम् संस्थापक प्राचार्य श्रद्धेय पम्फा गुरुङ लगायत सि.ए.ओ. अनिलकुमार अर्याल, विद्यालय संयोजक विनोद गिरी ज्यूको समुपस्थिति थियो । विविध नेपाली मौलिक सांस्कृतिक एवम् कर्णप्रिय गायन प्रस्तुतिसहितको त्यस कार्यक्रममा संस्थापक द्वय शेरबहादुर गुरुङ तथा पम्फा गुरुङ, शिक्षकहरु विनोद गिरी, ताराप्रसाद सुवेदी, चित्र बहादुर अधिकारी एवम् बाबुराम पौडेलद्धारा एसइई परीक्षार्थीहरुलाई सफलताको शुभकामना मन्तव्य व्यक्त गरिएको थियो । कक्षा ९ की छात्रा केशा गुरुङले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने एसइई परीक्षार्थीहरुकोतर्फबाट आयुषा सुवेदीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कार्यक्रममा आयोजक कक्षा ९का विद्यार्थीहरुको तर्फबाट अबिर अर्पणसहित एसइई परीक्षार्थीहरुलाई मायाको चिनोस्वरुप उपहार तथा मिठाइ प्रदान गरिएको थियो । जलपानसहितको सो कार्यक्रमको उद्घोषण कक्षा ९ का विद्यार्थी द्वय नित्यन्त थापा एवम् सज्जन घर्ती मगरले गर्नुभएको थियो ।

# हार्वड एकेडेमीको शैक्षिक सामाग्रि प्रर्दशनी तथा पुरस्कार वितरण सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन




पोखरा १५ मा रहेको हार्वड एकेडेमीको वार्षिक शैक्षिक सामाग्रि प्रर्दशनी तथा पुरस्कार वितरण कार्यक्रम २०८० सोमबार सम्पन्न भएको छ ।

बिद्यार्थीहरुले निर्माण गरेका शैक्षिक सामाग्रि सहित कार्यक्रममा उहाँहरुले कोरेका चित्र कला समेत प्रर्दशनी गरिएको बिद्यालयका प्रिन्सिपल श्रीकृष्ण अधिकारीले बताउनु भयो ।

बिद्यार्थीको चौतर्फी विकासको लागि बिद्यालयले विभिन्न कार्यक्रमलाई हरेक वर्ष निरन्तर रुपमा गर्दै आएको उहाँले जनाउनु भयो । उक्त अवसरमा बिद्यार्थीहरुले विभिन्न सास्कृतिक कार्यक्रम प्रस्तुत गर्नु भएको थियो भने विभिन्न विधामा पुरस्कृत भएका बिद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथी पोखरा १५ का वडा अध्यक्ष तोरण बहादुर बानियाँले बिद्यार्थीहरुको शैक्षिक बिकाससँगै शारीरिक तथा मानसिक विकासको लागि खेलकुद अति आवश्यक भएकोमा जोड दिनु भयो ।

कार्यक्रममा बिद्यालयका अभिभावक तथा जनप्रिय क्याम्पसका प्राध्यापक रवि भण्डारीले बिद्यालयले समयानुकुल, जीवन उपयोगी, सिप शिक्षण सिकाई गर्दै अघि बढेकोमा प्रशंसा गर्नु भयो । बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष एवं संचालक सदस्य रेशम बहादुर खत्रीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अपाङ्गता सञ्जाल कास्कीका गंगा बहादुर खड्का, सहायक प्रिन्सिपल नविन पन्त, अतिरिक्त कृयाकलाप संयोजक लक्ष्मी न्यौपाने, अतिरिक्त कृयाकलाप सहायक संयोजक अनुप बानियाँ लगायतले बोल्नु भएको थियो ।

बिद्यालयमा करिब ५ सय जना बिद्यार्थी अध्ययनरत रहनु भएको छ भने ३७ जना शिक्षक, कर्मचारी रहनु भएको छ । बिद्यालयमा व्यबस्थापन संकाय प्लस टु तर्फ करिब ४० जना बिद्यार्थी अध्ययनरत रहनु भएको छ ।

# एमाले गोरखा जिल्ला अध्यक्षमा सुरेन्द्रबहादुर थापा विजयी

**पोखरापत्र संवाददाता**
गोरखा, २८ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) गोरखाको आठौं जिल्ला अधिवेशनबाट पार्टी जिल्ला कमिटीको अध्यक्षमा सुरेन्द्रबहादुर थापा विजयी हुनुभएको छ ।

गएराति सम्पन्न भएको मतगणनामा थापाले निकटतम प्रतिद्वन्द्वी कृष्ण नेपालीलाई ७५ मतले पराजित गर्दै थापा अध्यक्षमा निर्वाचित हुनुभएको पार्टीका सचिव काजीराम रोकाले जानकारी दिनुभयो । थापाले दुई सय ८० मत प्राप्त गर्नुभएको थियो भने उहाँका निकटतम प्रतिस्पर्धी नेपालीले दुई सय पाँच मत प्राप्त गर्नुभएको हो । नवनिर्वाचित अध्यक्ष थापा पार्टीका केन्द्रीय उपमहासचिव पृथ्वीसुब्बा गुरुङ पक्षधर मानिनुहुन्छ भने नेपाली पार्टी अध्यक्ष केपी शर्मा ओली पक्षधर मानिनुहुन्छ । सर्वसम्मतरुपमा नेतृत्व चयनको प्रयास असफल भएपछि दुवै पक्षबीच प्यानल नै बनाएर प्रतिस्पर्धा भएको हो ।

निर्वाचनमा पार्टी जिल्ला कमिटीको उपाध्यक्षमा मेनबहादुर अधिकारी विजयी हुनुभएको उहाँले बताउनुभयो । अधिकारी दुई सय ७० मत ल्याएर उपाध्यक्षमा विजयी हुनुभएको हो भने उहाँका प्रतिस्पर्धी कमल दानीले एक सय २१ र अर्का प्रतिस्पर्धी कृष्ण काप्रीले ७१ मत प्राप्त गर्नुभएको हो । त्यस्तै अधिवेशनबाट पार्टी जिल्ला कमिटीको उपसचिवमा दुई सय ६५ मत ल्याएर मनोज जोशी र उपसचिव महिलातर्फ शान्ति चापागाईं विजयी हुनुभएको छ । एमालेमा ९९ सदस्सीय कार्यसमिति रहने व्यवस्था रहेको छ । सोमध्ये ८९ प्रत्यक्ष निर्वाचनवाट निर्वाचित भएर आउने र १० जना भने कार्यसमितिले मनोनीत गर्ने व्यवस्था रहेको सचिव रोकाले बताउनुभयो ।

# स्याउ गोडमेलमा व्यस्त किसान

**रासस**
मनाङ, २८ फागुन

हिमाली जिल्ला मनाङको मुख्य उत्पादनका रुपमा स्याउ मानिन्छ । यहाँ आलुसँगै स्याउ गोडमेलको समय भएको छ । केही महिना जिल्ला बाहिर रहने मनाङवासी अहिले स्याउ बगैँचा गोडमेलमा व्यस्त छन् ।

हिउँद याममा यहाँका स्याउ बगैँचा उजाड हुन्छ । भदौ, असोज र कात्तिकमा स्याउ टिपिसकेपछि बोटका पात झर्छन् । अनि नाङ्गै बन्छन् स्याउका बोट । त्यसपछि माघ र फागुनमा स्याउ बगैँचा व्यवस्थापन तथा काँटछाँट गर्ने र आंशिक रूपमा स्याउको व्यवस्थापन गर्ने गरिन्छ । अहिले यहाँका किसान तिनै स्याउका बगैँचा व्यवस्थापन गर्ने चटारोमा छन् । नासों गाउँपालिका–८ ताचैका स्याउ किसान सोलबहादुर गुरुङले यसवर्ष यहाँसम्म हिमपात नभए पनि स्याउ खेती राम्रो हुने गरेको बताउनुभयो । उहाँले यतिबेला स्याउ बगैँचा गोडमेलमा व्यस्त भएको बताउनुभयो । मुख्य आय नै स्याउ भएको बताउदै उहाँले भन्नुभयो, "आयस्रोतलाई जोगाउने र उत्पादन राम्रो कसरी हुन्छ भन्नेतर्फ लागेका छौं ।" यहाँका अधिकांश मानिसको घरमा स्याउ हुने र गोडमेल गर्ने समय भएको उहाँले सुनाउनुभयो । जाडो छल्न यहाँका स्थानीयवासी बाहिर गएर फर्किएपछि बगैँचा गोडमेल गर्ने गर्दछन् । त्यस्तै नासों–६ तिल्चेका टङ्क गुरुङ पनि स्याउ बगैँचा गोडमेल तथा व्यवस्थापनमा व्यस्त हुनुहुन्छ । समयमा नै स्याउ बगैँचाको गोडमेल गरेपछि नै राम्रो उत्पादन गर्न सकिने उहाँले बताउनुभयो । उहाँका अनुसार जिल्लाका स्याउ किसान अहिले बगैँचा गोडमेलमा नै व्यस्त रहेका छन् । यहाँको स्याउको माग तथा खपत राम्रो भएकाले यसतर्फ आकर्षित भएको उहाँले बताउनुभयो ।

यतिबेला मनाङको नासों, चामे, डिस्याङ तथा नार्पाभूमिका स्याउ बगैँचा व्यवस्थापन भइरहेको छ । केही लेकाली क्षेत्रमा अत्यधिक चिसोका कारण स्थानीयवासी बेँसी झर्ने हुनाले केही ढिला गरी मनाङ डिस्याङ र नार्पाभूमिका स्याउ बगैँचा व्यवस्थापन गरिने किसानको भनाइ छ । जिल्लाको मुख्य उत्पादन पनि भएकाले यहाँका अधिकांश किसान स्याउखेतीमा लागेका छन् । यसबाट किसानले राम्रै आम्दानी गर्ने गरेको उहाँहरूको भनाइ छ । अरू खेतीको तुलनामा धेरै समय लगानी गर्न नपर्ने स्याउ खेतीले यहाँको आर्थिकस्तर वृद्धि गर्न टेवा पुगेको किसान उमबहादुर गुरुङले बताउनुभयो । फागुन महिना लागेसँगै किसानले उजाडिएका स्याउ बगैँचामा गोडमेल, सिँचाइ गर्ने, मलजल गर्ने, रोग, कीराको प्रकोप नियन्त्रणका लागि विषादी छर्किने र बोटमा फैलिएका अनावश्यक हाँगाबिँगा काँटछाँट गर्ने कृषि ज्ञान केन्द्र मनाङले जनाएको छ ।

बर्सेनी मनाङका किसानलाई कृषि ज्ञान केन्द्रले प्राविधिक व्यवस्था गरी स्याउ बगैँचा व्यवस्थापनबारे तालिम र क्षेत्रमै पुगेर स्याउखेती गर्ने तरिका सिकाउने गरेको छ । बोटमा फर्मल इन्फेक्सनका कारण कटिङको घाउ नबढोस् र प्रकोप नियन्त्रण होस् भनी हाँगा काँटछाँट गर्नुपर्ने कृषि ज्ञान केन्द्रका अधिकृत घनश्याम गैरेले बताउनुभयो । उहाँले भन्नुभयो, "स्याउ कटिङ गर्दा हावा र घाम स्याउका सबै हाँगा र पातसम्म सर्कुलर हुन्छ । विभिन्न स्याउमा लाग्ने रोग सङ्क्रमणलाई प्रतिरोध गर्छ ।" स्याउ बगैँचा व्यवस्थापनको मुख्य काम हाँगा काँटछाँट हो, यसले स्याउको निश्चित आकार र साइजलाई बढ्ने सहयोग गर्ने उहाँले बताउनुभयो । बगैँचा व्यवस्थापन गर्दा किसानले बोटमा प्रकोप नियन्त्रण गर्न बोरो पेस्ट र बोरो मिक्स्चर छर्किने गरेका छन् । यसो गर्दा स्याउको बोटमा सङ्क्रमण कम हुने कृषि ज्ञान केन्द्रले जनाएको छ । किसानले हलुका घाउमा बोरो पेस्ट र बोटको पूरै भागमा छर्किनुपरे बोरो मिक्स्चर प्रयोग गर्ने गरेका छन् ।


## मादी सिति जलविद्युत आयोजना (१२८ मे. वा.) को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन तयार सम्बन्धी सार्वजनिक सूचना

( मितिः २०८०/११/२९ )

**विद्युत विकास विभागद्वारा मादी नदीमा १२८ मे.वा. क्षमताको मादी सिति जलविद्युत आयोजना प्रस्ताव गरिएको छ ।**

| | |
|---|---|
| **प्रस्तावको नाम तथा ठेगाना** | नाम : विद्युत विकास विभाग ठेगाना : सानो गौचरण, काठमाडौं, नेपाल । फोन नं : ०१-४५३४११९ फ्याक्स नं.: ०१- ५२४२५७ ईमेल : info@doed.gov.np वेबसाइट : www.doed.gov.np |
| **प्रस्तावको व्यहोरा** | गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ९, १०, ११, १२ पोखरा महानगरपालिका वडा नं. २८ र ३१ रूपा गाउँपालिका वडा नं. ६ र ७ र लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ७ र ८ र क्व्होलासोथार गाउँपालिका वडा नं.९ भएर बग्ने मादी नदीमा १२८ मे.वा. जडित क्षमता रहेको मादी सिति जलविद्युत आयोजना प्रस्ताव गरिएको छ । प्रस्तावित आयोजना जलाशययुक्त प्रकृतिको रहेको छ । आयोजनाका मुख्य अवयवहरुमा बाँध, डाइभर्जन टनेल, इन्टेक, Spillway, विद्युतगृह आदि पर्दछन् । यस आयोजनाका लागि १८० मि. को बाँध प्रस्ताव गरिएको छ भने बाँधको Fully Supply Level ६४० मि. रहनेछ । बाँध क्षेत्र भाटबेसी स्थित झोलुङ्गे पुलबाट माथिल्लो भागमा प्रस्ताव गरिएको छ । साथै, यस आयोजनाको लागि सतही प्रकारको विद्युतगृह प्रस्ताव गरिएको छ । उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली २०७७ को नियम ४ को उपनियम २ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन तयारीका लागि यो सूचना प्रकाशित गरिएको छ । |
| **प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका** | कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ९, १०, ११, १२, पोखरा महानगरपालिका वडा नं. २८ र ३१, रूपा गाउँपालिका वडा नं. ६ र ७ र लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ७ र ८ र क्व्होलासोथार गाउँपालिका वडा नं.९ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक वन तथा सम्पूर्ण सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नाम : विद्युत विकास विभाग<br>ठेगाना : सानो गौचरण, काठमाडौं, नेपाल ।<br>फोन नं : ०१-४५३४११९<br>फ्याक्स नं.: ०१- ५२४२५७<br>ईमेल : info@doed.gov.np<br>वेबसाइट : www.doed.gov.np | नाम : JV of Technoquarry Consults Pvt. Ltd., BEAM Consultant Pvt. Ltd. and NEDC Pvt. Ltd.<br>ठेगाना : नख्खु, ललितपुर, नेपाल ।<br>मोबाइल नं.: ९८०११०५९८०<br>ईमेल : consultstechnoquarry@gmail.com |